<u>मिति २०८०।०१।१२ गते बसेको निस्दी गाउँ कार्यपालिकाको २८ औं बैठकका प्रस्तावहरु</u>

१) रिपोर्टिङ्ग तथा समीक्षा सम्बन्धमा ।

२) खर्च मापदण्ड कायम गर्ने सम्बन्धमा ।

३) बिद्यालय मर्ज गर्ने सम्बन्धमा ।

४) रिक्त रहेको शिक्षा समिति सदस्य सम्बन्धमा ।

५) लोकसेवा तयारी कक्षा संचालन सम्बन्धमा ।

६) योजना अनुगमन सम्बन्धमा ।

७) विविध ।

०८०/१/१२

ध्रुव दयाल
प्रमुख प्रशासकिय अधिकृत

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

## मिति २०८०।०१।१२ गते बसेको निस्दी  गाउँ कार्यपालिकाको २८ औं बैठकका निर्णयहरु

१. प्रस्ताब नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकहरुको निर्णयहरु कार्यान्वयनको भएको पाइयो । साथै वडागत रुपमा सात वटै वडाका वडा अध्यक्षहरुले सार्वजनिक सेवा प्रवाह, जन गुनासो सम्वोधन, आयोजना संचालनको विषयमा यस कार्यपालिका बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

२. प्रस्ताब नं २ माथि छलफल गर्दा चा.लु आ.व २०७९।०८० मा वडा कार्यालय समुद्घाटन समारोह, विशिष्ट अतिथी सत्कार को खर्च मापडण्ड विविध शिर्षकबाट अधिकतम रु ५० हजार सम्म कायम गर्ने निर्णय गरियो ।

३. प्रस्ताब नं ३ माथि छलफल गर्दा निस्दी गाउँपालिका शिक्षा समिति र पृथ्वी प्रा.वि. वि.ब्य.स.को मिति २०७९।०१।११ को राय तथा सिफारिस अनुसार वडा नं ३ झिरुवास स्थित उक्त प्राथमिक विद्यालय श्री पृथ्वी प्रा.वि लाई पाएक पर्ने विद्यालय श्री जनक आ.वि. निस्दी ३ झिरुवासमा समायोजन (मर्ज) गर्ने निर्णय गरियो । साथै उक्त पृथ्वी प्रा.वि.को जिन्सी र नगद ब्यबस्थापन गर्ने जिम्मेवारी गाउँपालिकाको शिक्षा शाखा तथा वडा कार्यालयलाई दिने, पृथ्वी प्रा.वि. निस्दी ३ मा प्रा.वि.शिक्षक पदमा कार्यरत शिक्षक   एक जना र संघिय ई.सि.डी दरबन्दीमा कार्यरत एक जना गरी जम्मा दुई जनालाई अर्को व्यवस्था नहुञ्जेल काजको रुपमा गाउँ कार्यपालिकाको कार्यालयमा खटाउने निर्णय गरियो ।

४. प्रस्ताब नं ४ माथि छलफल गर्दा शिक्षा समितिमा रिक्त रहेको सदस्य पदमा ६ नं. वडाका वडाध्यक्ष श्री मेख बहादुर सुनारी लाई मनोनित गर्ने निर्णय गरियो ।

५. प्रस्ताब नं ५ माथि छलफल गर्दा यस कार्यालयको मिति २०७९।१२।१५ गतेको लक्षित वर्गका लागि लोक सेवा तयारी सम्बन्धी सूचना अनुसार शैक्षिक परामर्शदाता कम्पनी मार्फत उक्त लोकसेवा तयारी कक्षा संचालन गर्ने निर्णय गरियो ।

६. प्रस्ताब नं ६ माथि छलफल गर्दा चा.लु आ.व. २०७९।०८० मा यस पालिका अन्तरगत ठेक्का प्रक्रियाबाट संचालन भएका मोटर बाटो, भवन निर्माण र खानेपानी संरचना निर्माणका योजनाहरुको यस कार्यपालिकाबाट अनुगमन गर्ने निर्णय गरियो ।

७. चालु आ.ब. २०७९।०८० को उपभोक्ता समितिबाट संचालन भएका आयोजनाहरुको म्याद २०८० जेष्ठ मसान्त सम्म थप गर्ने निर्णय गरियो । उद्योग बाणिज्य संघ रामपुर पाल्पा लाई तेस्रो रामपुर महोत्सव तथा व्यापार मेला-२०७९ मा निस्दी गाउँपालिकाले कृषि-पशु उपज व्यापार तथा स्टल संचालन गरेवापत रु साठी हजार मात्र विविध खर्च शिर्षक बाट सहयोग गर्ने निर्णय गरियो ।

**मिति २०८०।०१।१२ गते को कार्यपालिका बैठकका निर्णय प्रमाणित ।**

०८०/१/१२

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल